CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४३ पूर्णाङ्क

वि.सं. २०७३ आषाढ

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका









संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३६ वर्ष   ३ अङ्क

वि.सं. २०७३ आषाढ

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

मूल्य रु. ५००/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. नेे.सं. ६०३ (वि.सं. १५४०)देखि ने.सं. ६१२ (वि.सं. १५४९)भित्रका अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखत १९७-१३२
२. सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू– ४ खण्ड १३३-१८०
३. काजी जगजित् पाँडेका नातिले तर्पण गर्ने कागत १८१-१८२
४. नयराज पन्तको *श्री ३ महाराज चन्द्रशमशेरको आत्मकथा* १८३-१९२
५. पैंतीसौँ वर्षको आम्दानीखर्चको विवरण १९३-१९४

मुद्रक–

श्री प्रेस

एकान्तकुना, जावलाखेल
ललितपुर, नेपाल
फोन नं.: ०१-५५३२८२२
ई-मेल– shreepress@wlink.com.np

लेआउट गर्ने–

युवेशरत्न वज्राचार्य

५५०- राजावीरेन्द्रमार्ग, डल्लु
काठमाडौँ, नेपाल
फोन नं. ९८०३१५१४५६
ई-मेल– yubeshbajracharya@gmail.com

हाम्रा कृति पाइने ठेगाना

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

वज्र बुक शप
ज्याठाटेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६०३ (वि.सं. १५४०)देखि ने.सं. ६१२ (वि.सं. १५४९)भित्रका अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखत

-महेशराज पन्त

अहिले यहाँ प्रकाश गर्न लागिएका, ताडपत्रका यी ६ वटै लिखत **यम्बुब्रुमा**को **गाङ्गुलक**का हुन् । अहिले हामी जुन शहरलाई **काठमाडौँ** भन्छौँ, मध्यकालमा यो शहर **यम्बु** र **यङ्गल**मा बाँडिएको थियो । अहिलेको काठमाडौँको उत्तरभाग तथा दक्षिणभागमा पर्ने टेबहालको इलाका **यम्बु**भित्र पर्थ्यो त शहरको दक्षिणभागचाहिँ **यङ्गल** भनी कहिन्थ्यो । **यम्बु** पनि फेरि उत्तर र दक्षिण गरी २ भागमा बाँडिई उत्तरभाग **सातिग्लक** र दक्षिणभाग **गाङ्गुलक** भनी चिनिन्थ्यो ।[१]

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्रमा मेटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[ ]] कोष्ठभित्र पढिन्छ ।

२. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो {{ }} कोष्ठभित्र पढिन्छ ।

३. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ◎ चिह्नले जनाइन्छ ।

४. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता :::::: चिह्नले जनाइन्छन् ।

५. मूल ताडपत्र दोब्र्याउँदा परेको डोबले नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो (( )) कोष्ठभित्र पढिन्छ ।

६. मूल ताडपत्रको रेशा उप्किएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो [ ] कोष्ठभित्र पढिन्छ ।

७. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो × चिह्नले जनाइन्छ ।

---

१. महेशराज पन्त २०६७: §§ ३-४ मा ३०-३३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६०३ (वि.सं. १५४०) आषाढशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३२/५ यसको फ्याक्सिमिलि तल १२७ पृष्ठमा छ।

वटुयेल (मूलमा- वंतुतोल)को दतबहारमा बस्ने पात्र जीवसिंह दत्त वर्माले टेबहाल (मूलमा- तेदोबहार)का अवाले[२] (मूलमा- शृङ्खलीकार) जयसिंह भारोलाई तेदोख्वाठ मायाखो भन्ने ठाउँको ३ रोपनी खेत बेचेका थिए। त्यसको ताडपत्र (मूलमा- तलपत्र) नष्ट भएकोले जग्गा बेच्ने जीवसिंह दत्त वर्माले जग्गा किन्ने शृङ्खलीकार जयसिंह भारोलाई ने.सं. ६०३ (वि.सं. १५४०) आषाढशुक्लप्रतिपदाको दिन लेखेर दिएको शुद्धपत्र[३] यो हो। यस शुद्धपत्रमा वटु (मूलमा- वंतु) मूबहाल (मूलमा- मूलबहार)का भारचन्द डङ्गोल (मूलमा- दंगुरि) दृष्टसाक्षी[४] राखिएका छन्।

रत्न मल्लले काठमाडौँ कब्जा गर्नुभन्दा अगाडि यहाँ इलाकाइलाकामा थरीथरीका महापात्र वा पात्रको शासन चल्थ्यो।[५] यंबू **दाथबहार**मा पनि पात्रको उपस्थिति भएको कुरा ने.सं. ४८४ (वि.सं. १४२०) मार्गकृष्णचतुर्दशीको[६] र ने.सं. ५३९ (वि.सं. १४७६) आषाढकृष्णनवमीको[७] लिखतबाट थाहा पाइएको थियो।

ने.सं. ६०३ (वि.सं. १५४०) आषाढशुक्लप्रतिपदाको यस लिखतमा वटुटोलको **दतबहार**का पात्र जीवसिंह दत्त वर्माको कुरा आएको र यहीँ तल छापिन लागेको, ४ सङ्ख्याको लिखतमा अर्थात् ने.सं. ६०७ (वि.सं. १५४४) आश्विनशुक्लप्रतिपदाको लिखतमा चाहिँ वटुटोलकै **दाथबहार**का पात्र जीवसिंहवर्धन दत्तको कुरा आएकोले **दतबहार** र **दाथबहार** मात्र उही बहाल नभई जीवसिंह दत्त वर्मा र जीवसिंहवर्धन दत्त पनि उही मान्छे भएको देखिएको छ। यताबाट यस बहालको संस्कृत नाउँ **दत्तविहार** भएको र त्यसको अपभ्रष्ट रूप **दतबहार** वा **दाथबहार** भएको देखिएको छ।

---

२. यस अर्थको लागि ऐजन २०६१: ३२-३५ हेर्नू।

३ शुद्धपत्रको लागि ऐजन २०७०: §§ ७-८ मा ७-१० हेर्नू।

४. खुलाएर भन्दा, यहाँ **दृष्टसाक्षी** नभनी **साक्षि दृष्ट** लेखी अनि साक्षी बस्नेको वतन र नाउँ दिइएको छ। यस्तै अवस्था यसपछिका अरू २ वटा लिखतमा छ त बाँकी ३ वटामा चाहिँ **दृष्टसाक्षी** लेखिएको छ। १ थरी लिखतपत्रमा चाहिँ **साक्षी** लेखिसकेपछि को साक्षी बसेको हो उसको नाउँ, अनि **दृष्टः** लेखेको देखिन्छ (ऐजन: § १४.३.२ मा १४)।

५. देविचन्द्र श्रेष्ठ २०५९: ३१-३७।
ऐजन २०६१: ३०-३२।
महेशराज पन्त २०६१क: २५-३२।

६. ऐजन २०५०: ५१-५२ मा ४ सङ्ख्या।

७. पूर्णरत्न वज्राचार्य २०४४: ५४-५५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दाथबहारका पात्रहरूको नाउँमा **वर्धन** जोडिने गरेको कुरा ने.सं. ४८४ (वि.सं. १४२०) मार्गकृष्णचतुर्दशीको लिखतमा **श्रीजयतेजवर्धनवर्मा** (मूलको २ पङ्क्ति), ने.सं. ५३९ (वि.सं. १४७६) आषाढकृष्णनवमीको लिखतमा **श्रीजीवराजवर्द्धन दत्त** (मूलको १ पङ्क्ति) र ने.सं. ६०७ (वि.सं. १५४४) आश्विनशुक्लप्रतिपदाको लिखतमा **श्रीजिवशिंह्लवर्द्धन दत्त** (मूलको १ पङ्क्ति)बाट बुझिन्छ । यी पात्रहरू **दत्तविहार**का भएकाले होला, यिनीहरूको नाउँमा ने.सं. ५३९ आषाढकृष्णनवमी र ने.सं. ६०७ आश्विनशुक्लप्रतिपदाका लिखतमा **दत्त** तथा ने.सं. ६०३ आषाढशुक्लप्रतिपदाको लिखतमा चाहिँ त्यही शब्दको अपभ्रष्ट रूप **दत** जोडिएको ।

'दाथ बहार' कान्तिपुरमा असनको हाताभित्र रहेको वर्तमान दौ-बहाल हो[८] भनी ठानिएको भए पनि अहिले यहाँ छापिन लागेका २ लिखतबाट दत्तबहार वा दाथबहार असनको हाताको नभई वटुको हाताको हो भन्ने स्पष्ट भएको छ । इन्द्रचोकबाट वटुतर्फ लाग्दा **मूबहाल** र **चिधंबहाल**को बीचमा रहेको, आजभोलिको **दौबहाल** नै **दत्तबहार** वा **दाथबहार** हो भनी निर्धक्क भन्न सकिन्छ ।

दौबहालका पात्रको यस लिखतमा दौबहालको छिमेकमा जस्तै रहेको, महापात्रका थरीथरीका गठमध्ये एक मूबहालका डङ्गोल साक्षी बस्नु चाखलाग्दो छ ।

ने.सं. ६०४ (वि.सं. १५४१) वैशाखशुक्लएकादशीको दिन रत्न मल्लले काठमाडौँ जितेकोले[९] ने.सं. ६०३ (वि.सं. १५४०) आषाढशुक्लप्रतिपदाको यो पत्र रत्न मल्लले काठमाडौँ जित्नुभन्दा १० महीनाअगाडिको हो ।

मूलपाठ

१. **꣸ श्रेयोऽस्तु । सम्वत् ६०३ आषाढशुक्ल ।। प्रतिपद्यायां तिथो: श्रीयंबूबुमाया꣸ श्रीगाङ्गलंगे: श्रीवंतुंतोलके: श्रीदतबहाराद्धिवाशिन पात्र श्रीजीवशिंह्ल दतवर्म्मनसन स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपंन्यभूतेन: स्वयं माधार तेदोष्वाठ मायाखोक्षेत्रनामप्रदेशे: रुपरामकस्य भुमे पश्चिमत: स्वल्प-**

२. **मार्गस्य उतरत: पूर्व्वत: जीवराजकस्य भुमे दक्षनत: । एतेषा मधे त्रियरोपनिक꣸ तत क्षेत्राङ्केतोपि बू रोव ३ ततक्षेत्रस्य पूर्व्वमूलतलपत्रनस्ताभावनिमितेन तत सुद्धपत्र लिखित꣸ संप्रदत्त꣸ । अत परं कालान्त्र पुरुखान्तरेन वा श्रीश्रीराजकुलपात्रकुलेन वा स्वहस्तन परहस्तगतेन वा ततमू-**

३. **लतलपत्र संप्राप्तकाले अकर्ण्णो भवति ꣸ पुन भाषा ह्लथ्यंया मूल तलपति शुया ल्कननो लुस्यं व्यावाद द्वाकाल ৲ धारण पात्र श्रीजीवशिंह्लदतवर्म्मनस्यं ৲ धनि तेदोबहार शृंषलीकार जयशिंह्ल भारो ৲ व्यावाद लिधिङ सुद्धकं बीयमाल्व: अत्र पत्रार्थे साक्षि दृष्ट वंतु मूलबहार भारचंद दंगुरि ।। शुभ ।।**

---

८. देविचन्द्र श्रेष्ठ २०५९: ३६ ।

९. धनवज्र वज्राचार्य २०१९: १३६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

१. ?१ तेदोष्वाट मायाखो

२. बूया सुद्धपत्रमिद१ ।।

२ सङ्ख्या

ने.सं. ६०६ (वि.सं. १५४२) चैत्रशुक्लत्रयोदशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २२७/१६

यसको फ्याक्सिमिलि तल १२८ पृष्ठमा छ ।[१०]

यस पत्रको छाप खसेको जस्तो देखिन्छ ।

दुगंबहिल (मूलमा- खदक्षेलिमहाविहार = षडक्षरीमहाविहार)को घरमा बस्ने भिक्षु अभयदेवले त्यही घरमा बस्ने भाइ भिक्षु आसदेवलाई आफ्नो, आफूले भोग गरिरहेको पिंसा भन्ने ठाउँको डेढ कर्ष (६ आना) वातिका/बल (वाटिका/बल = बारी) बेची ने.सं. ६०६ (वि.सं. १५४२) चैत्रशुक्लत्रयोदशीमा गरिदिएको फार्छेपत्र यो हो । बेच्नुपरेको कारण चमा अजि (बज्यैकी बहिनी)लाई तिर्नको लागि हो भन्ने बुझिए तापनि जम्मै कुरा राम्ररी बुझ्न सकिएन । यस लिखतमा बाबु शाक्यभिक्षु हृदय दृष्टसाक्षी[११] राखिएका छन् ।

मूलपाठ

१. शुभ ।। श्रैयोस्तुः सम्वत् ६०६ चैत्रमाशे शुक्लपक्षेः त्रयोदस्यां तिथौः श्रीयंबुब्रुमायां श्रीगांगुरंकेः श्रीखदक्षेलिमहाविहारिगृहाद्धिवास्तव्य भ्राता भिक्षु श्रीअभयदेवजुस नामनां स्वक्रीयं स्वबुज्यमानिकं । सेव गृहाद्धिवास्तव्य भ्राते भिक्षु श्रीआशदेवजुस नामनां सकासात ।। पिंसावातिकानामसंज्ञकं । कतिनिगुथिवातिकायां पश्चिमतः मार्गस उतरत । यंकुलिकसे वातिकायां

२. पूर्व्वतः भिक्षुश्रीस्वगोत्रन श्रीजगवातिकाया • दक्षनत ।। एतेषा मधे सार्द्धाद्धिकमेकक्कर्षवातिकाङ्क्तोपि अंके च बल कर्ष तलपत्रसह । ततवातिकाया • जथादेशकालप्रवर्त्तमानसंचाराघेन् स्वादिनानिवर्त्तकं न्यायेन सूवर्ण्णमूलमादाय क्रेन विक्रेयतं भवति । तदा धानकसे निमितीन जदि संकृतव्यावादे शति तदा धारनकेन परिसोधनियं च प्रति चमा अजि येकुलि मसियके भोगः

३. न छं गोज्याः गम चरज राशि पोलेश ध्व नेता यायेश क्रेन काया जुरो • तत पत्रार्थे साषि दृष्ट पिता शाक्यभिक्षु श्रीहृदयजुस मेकप्रमान जुरो • ।। पोन भाषा तलपति मदो जु ।। • ।।

---

१०. ताडपत्रको पछाडिपट्टि लेखिएकोको फ्याक्सिमिलि दिन सकिएन ।

११. ४ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

पिसाचल क्रेपत्र ।।

३ सङ्ख्या

ने.सं. ६०७ (वि.सं. १५४४) आषाढकृष्णचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/२१

यसको फ्याक्सिमिलि तल १२९ पृष्ठमा छ ।[१२]

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ । फोटोमा चाहिँ छाप राम्रो देखिँदैन ।

केलटेल (मूलमा- केलंमण्डपतोल[१३])मा थंथछें घरमा बस्ने कंसकार (मूलमा- काङ्गकार) उदयसिंह भारोलाई त्यही टोलमा क्वाठछें घरमा बस्ने कंसकार (मूलमा- काङ्गकार) अखय भारोले आफ्नो, आफूले भोग गरिरहेको मिशिको भन्ने ठाउँको २ कर्ष (आधा रोपनी) बारी (मूलमा- वातिका = वाटिका/बल) बेची ने.सं. ६०७ (वि.सं. १५४४) आषाढकृष्णचतुर्थीको दिन गरिदिएको फार्छेपत्र यो हो । यस पत्रमा एकातछेंबाहारका बृहत्कलाप बन्धु भारो दृष्टसाक्षी[१४] राखिएका छन् । बारी बेच्नुपर्नाको कारण लिएको ऋण तिर्नको लागि हो ।

मूलपाठ

१. **७ श्रेयोऽस्तु ।। सम्वत् ६०७ आषाढकृष्णचतुर्थ्यां ‸श्रीयंबुब्रुमायां ‸ श्रीगाङ्गुलंगे ।। श्रीकेलंमण्डपतोलके ।। थंथछें ‸ गृहाद्धिवाशिन ९ । काङ्गकार ‸ उदयशिंह्ल भारोस नाम्नानः सकासात् ।। स एव तोलके ।। क्वाठछेंगृहाद्धिवाशिन ९ काङ्गकारः अषय भारोस नाम्नेनः स्वक्रीयं स्वबूर्ज्यमानिक९ ।। मिशिकोवातिकानाम९ प्रदेसे ।। नोगल गुक्षिकस्य कस्य भुमे पश्चिमत ।। लखिंमकस्य कस्य भुमे उत्तरत ।। मषनमिकस्य कस्य भुमेन**

२. **पूर्व्व ।। ब्रह्मभोजभुमे भुमेन दक्षिनत ।। एतेषां मध्य ।। द्वयकर्षाङ्के च बल कर्ष २ ततवातिकाया९ सा यथादेसकालपरवर्त्तमानः सञ्चाराघेनः स्वर्ण्णमुलमादाय क्रीविक्रीस्वादनिवर्त्तकं न्यायेनः क्रीविक्रीयतम्भवति ।। ततभुमिकाया९ व्यावादपिदा स्यात् तदा धारणकेनः परिसोधनियञ्च ।। अ पत्रार्थे ।। साक्षि दृष्ट एकातछे९ बाहार बृहत्कलाप ‸ बंधु भारोस मेक ।। तलपति पो १ सह ।। प्रते लेयि पोलेस क्रीन काया जुरो९ ।। ० ।।**

---

१२. ताडपत्रको पछाडिपट्टि लेखिएकोको फ्याक्सिमिलि दिन सकिएन ।

१३. नाथसम्प्रदायसँग सम्बद्ध मण्डप काठमाडौँमा ठाउँठाउँमा बनाउने लहरमा केलटेलमा पनि मण्डप बनाइएको थियो (महेशराज पन्त २०७२: ङ) ।

१४. ४ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

मिशिंको बलया क्रीपत्र

४ सङ्ख्या

ने.सं. ६०७ (वि.सं. १५४४) आश्विनशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/४६

यसको फ्याक्सिमिलि तल १३० पृष्ठमा छ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ।

वटुटोल (मूलमा- वंतुतोल) दौबहाल (मूलमा- दाथबहार)का पात्र जीवसिंहवर्द्धन दत्तले टेबहाल (मूलमा- तेदोबहार)को वंकुलि अर्थात् ईशान = उत्तरपूर्वको घरका नाथो भालाई तवक्षल भन्ने ठाउँको २ कर्ष (आधा रोपनी) बारी (मूलमा- वातिका = वाटिका/ बल) ने.सं. ६०७ (वि.सं. १५४४) आश्विनशुक्लप्रतिपदाको दिन बेची गरिदिएको फार्छेपत्र यो हो। यस पत्रमा दृष्टसाक्षी[१५] दुगंबहिल (मूलमा- द्वङ्नबहीरि)को पूर्व लिबिछेंका लक्षिम राखिएका छन्। बारी बेच्नाको कारण योगिनीचक्र (मूलमा- जोगिनिचाक)को पालो परेकोले खर्च गर्नको लागि हो।

मूलपाठ

१. **॰ श्रेयोऽस्तु। सम्वत् ६०७ आश्विनिशुक्ल। प्रतिपद्याया१। श्रीयंबूब्रुमायाः श्रीगाङ्गलंगे। श्रीवंतुंतोलकेः दाथबहार ⸜ पात्र श्रीजिव[१६]शिंद्धवर्द्धन दत्तस नाम्ना स्वकीयं स्वबूज्यमानिकंः। श्रीतेदोबहार ⸜ वं[१६]कुलि गृहः नाथो भास नाम्ना सकाशा ॥ तवक्षलकोवातिकाना-**

२. **मसंज्ञकः। यंग्ल ⸜ जशराज भास भुमे पच्छिमतो उत्रत। लूंतयिकस्य भुमे पूर्व्वत। केलं⸜गोष्टीस भुमे दक्षनत। एतेषाम्मधेः द्वयकषाङ्के च ब[१६]ल कष २ ततवाटिकाया१ जथादेशकाल-प्रवत्तमानसंचाराधेनः स्वर्ण्णमूलमादायः स्वादीनानवर्त्तकन्यायेनः क्रेविक्रेयतम्भव[१६]-**

३. **ति ॥ तत्रा धारणकस्य निमितेन जदि संकतविवादपीडा स्यात् तदा धारणकेन परिसोधनीयञ्च। अत्राथे दृष्टसाक्षि द्वङ्नबहीरि ⸜ वंता लिबिछे१ लक्षिम ॥ प्रते जोगिनिचाक ⸜ पालयातं बय यायेस ⸜ क्रेविक्रेन काया जुरो१। तलपति मदोः। शुभ ॥**[१७]

---

१५. दृष्टसाक्षीको लागि महेशराज पन्त २०७०: § १४.३.१-§ १४.३.२ मा १३-१४ हेर्नू।

१६. यो व खुँडे छ।

१७. **मदोः**। भन्दा पछाडि ठाउँ खाली छोडेर पङ्क्तिको अन्त्यमा पुग्ने गरी **शुभ** ॥ लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

१. ^ तव[१६]क्षलको ‿ ब[१६]लया

२. क्रेपत्र ।। ।।

५ सङ्ख्या

ने.सं. ६१० (वि.सं. १५४६) पौषशुक्लचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३५/३३

यसको फ्याक्सिमिलि तल १३१ पृष्ठमा छ ।

केलटेल (मूलमा- केलंतोल)मा ताप्वलछें बस्ने हाको भारोले आफ्नो, आफूले भोग गरिरहेको थोंसागाड भन्ने ठाउँको डेढ कर्ष (६ आना) बारी (मूलमा- वातिका = वाटिका/ बल) त्यही टेलमा थंथछेंमा बस्ने उदयसिंह भारोलाई ५ वर्षको लागि बन्धकी राखी २४ दम्म सापटी लिई ने.सं. ६१० (वि.सं. १५४६) पौषशुक्लचतुर्थीको दिन गरिदिएको अवधिपत्र[१८] यो हो । सापटी लिएको २४ दम्म तिर्दा पुराण द्रम्म (मूलमा- पुरान दाम) ६ को हिसाबले थप्नुपर्ने शर्त यस अवधिपत्रमा छ । यस पत्रमा ऋणीका बाबु क्षमराज भारो दृष्टसाक्षी राखिएका छन् ।

मूलपाठ

१. **^ शुभ ।। श्रैयोऽस्तुः सम्बत् ६१० पोषमासः शुक्लपक्षे चतुर्थ्यां तिथौ । श्रीयंबुब्रुमा[[यां]] {{श्री}}गांगुलंगेः श्रीकेलंतोलके ताप्वलछेंवास्तव्य हाको भारोस नामना स्व{{कियं स्वभुज्यम[१९]}}ा- निकं ।। तत्रेवस्तोलकेः थंथछे ९ वाष्टव्य कांसकार ‿ उदयशिंङ भारोस नामनां सकासातः ।। थोंसागाडवातिकानामप्रदेशैः रथ[न]राज साहुस वातिकायां पच्छिमतः◎[२०]◎◎◎◎◎[२१]स वातिकाया उत्तरत ::::::**

२. **पूर्व्व((त))ो दक्षनत ।। एतेषाम्मधे सार्द्धाद्धिकमेककर्षवातिकाङ्कसे भोगवृधा९ पन्चवर्षाद्धिना ‿ तेनोदेस गृहित चवबिस दामाङ्क अंके च बल कर्ष १।। दम्म २४ आवदि वर्ष ५ तलपतिपो १ सह ।। ततवातिका स्वादिनानिवर्त्तकं न्यायन परिभोज्ञः ।। तत्रा धारनस निमितीन जदि संकृतव्यावादे सति तदा धारनकेन परिसोधनियं च ‿ फ्यायस पुरान षु ६ दाम ‿ प्रति घरसार ब◎◎◎[२२]**

---

१८. अवधिपत्रको लागि महेशराज पन्त २०७०: § १७.२ मा २१ हेर्नू ।

१९. यी अक्षरका तल्लो भाग देखिन्छन् ।

२०. **त**ःभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

२१. **स**भन्दा पछाडिको अक्षरको पछिल्लो भाग देखिन्छ ।

२२. **ब**भन्दा पछाडिका अक्षरका तल्लो भागका केही अंश देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. **आवदिन क्रया जुरो ९ ।। तत्पत्रार्थे दृष्टसाषि धारनस स्वपिता क्षमराज भारो ।। उ[चे]ल चोता दो ।। शुभ ।।**

(पछाडि)

१. **९ थोंसागाड**

२. **बल आवदि**

३. **पत्र ।।**

६ सङ्ख्या

ने.सं. ६१२ (वि.सं. १५४९) आश्विनशुक्लचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको ई २०९३/४२ रीलसङ्ख्या यसको फ्याक्सिमिलि तल १३२ पृष्ठमा छ ।

जान कर लाक २०४१/४२: ५०० मा ६० सङ्ख्याको टिप्पणीमा र महेशराज पन्त २०६९: २३५ मा ४३० सङ्ख्याको टिप्पणीमा यस पत्रको चर्चा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ । फोटोमा चाहिँ छाप राम्रो देखिँदैन ।

इटुंबहाल (मूलमा- भास्करदेवसस्करितशत्रश्रीकेशवचन्द्रकृतपारावत्महाव्यहार = भास्करदेवसंस्कारित[२३]शत्र[२४]-श्रीकेशवचन्द्रकृतपारावतमहाविहार)मा बस्ने भिक्षु हाकुलाई केलटेल (मूलमा- केलंमण्डपस्तोल)मा क्वाठसाल घरमा बस्ने कंसकार (मूलमा- कान्सकार) रुपयिसिंहले वंथलाछेंटेलमा बुद्धिचंद मुख्य भएको गोष्ठीसमुच्चय (मूलमा- गुथिशमूश्चय)को अनुमति लिई आफ्नो, आफैँले भोग गरिरहेको नयिनिसो भन्ने ठाउँको ४ रोपनी खेत बेची ने.सं. ६१२ (वि.सं. १५४९) आश्विनशुक्लचतुर्थीको दिन गरिदिएको फार्छेपत्र यो हो । यस पत्रमा दृष्टसाक्षी थंछु चपाह्न लिबिछेंका शोभा भारो साक्षी राखिएका छन् । बारी बेच्नाको कारण घरखर्च चलाउनको लागि हो ।

मूलपाठ

१. **९ श्रेयोऽस्तु । सम्वत् ६१२ अश्विनिमासेः शुक्लःपक्षे ।। चत्रुथ्यायान्तिथौः श्रीयंबूब्रुमाया ॰ श्रीगांगुलंगेः श्रीश्रीभास्करदेवसस्करितशत्रश्रीकेशवचन्द्रकृतपारावत्महाव्यहाराद्धिवाशीन भिक्षु श्रीहाकुजुस नाम्ना**

२३. यहाँको **संस्कारित** शब्दको अर्थको लागि महेशराज पन्त २०६९: § २६ मा २०९-२३२ हेर्नू ।

२४. यस बहालको पूरा नाममा **शत्र** थपिएको विषयमा ऐजनः § २८ मा २३५-२३७ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकासात: तत्रेव बुमाया ८ श्रीकेलंमण्डपस्तोलके: क्वाठसालगृहाद्धिवाशीन कान्सकार रुपयिशिंह्न ×[२५]×× वंथलाछेंतोलके: बुदिचंद-

२. **कस्य प्रमुखन गुथिशमूश्चयेस: एतत्सहानुमतेन ॽ शुक्रीयं ॽ शुवूर्च्यमानिक ८ नयिनिसोक्षेत्रनामप्रदेसे: श्रीश्रीराजकुलवस्तुभूमे पच्छिमतो उतरत: मूलमार्गस्य पूर्व्वत: अभयशिंह्नभारोकस्य भ्रात्यसहस भुमे दक्षनत। एतेषाम्मधे ॽ चतुरोपनिक ८ क्षेत्राङ्कतोपि बू रोव ४ ततक्षेत्रस्य जथादेशकालप्रवर्त्तमान: सञ्चाराघेन स्ववर्ण्णमुलमादाय**

३. **स्वादिनानवत्तकन्यायन क्रीन विक्रीयतम्भवति: तत्रा धारनकस्य निमितेन जदि संकृतव्यावादपीडा स्यात् तदा धारनकेन परिसोधनियञ्च: अत्र पत्राथे दृष्टसाक्षि थंछु चपाह्र लिबिछें ॽ सोभा भारोस: प्रते धारनस घ्रसार बय यायेस ॽ क्रीविक्रीन काया जुरो ८।। तलपत्र पो २ सह: ।। शुभ: ।।**[२६]

(पछाडि)

८ नयिनिसो बूया क्रीपत्र ।।

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको बुड्इस्ट् *मनुअस्टरिज् अफ् नेपाल् : अ सर्‌भे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मानूडू भ्याल्इ* (नेपालका विहार–काठमाडौँखाल्डोका बहाल र बहिलको निरीक्षण)।

देविचन्द्र श्रेष्ठ २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट आर्थिक नेपालद्वारा प्रकाशित, देविचन्द्र श्रेष्ठको *रत्न मल्ल र उनको समकालिक नेपाल मण्डल [ने.सं. ६०२-६४०]*।

देविचन्द्र श्रेष्ठ २०६१

= ने.सं. ११२४ (वि.सं. २०६१) मा काठमाडौँबाट नेपाल लिपि गुथिद्वारा प्रकाशित *पौभा:* (पट) ५५ अङ्कका ३०-३२ पृष्ठमा छापिएको, देविचन्द्र श्रेष्ठको *यँ-यलय् महापात्रतयुगु सामन्त शासन* (काठमाडौँ-पाटनमा महापात्रहरूको सामन्तशासन)।

---

२५. ताडपत्र भाँचिएर गएकोले ह्न भन्दा पछाडिको अक्षरको अघिल्लो भाग मात्र देखिन्छ।

२६. **सह:** ।। भन्दा पछाडि ठाउँ खाली छोडेर पङ्क्तिको अन्त्यमा पुग्ने गरी **शुभ:** ।। लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

पूर्णरत्न वज्राचार्य २०४४

= वि.सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ५ अङ्कका ५०-६१ पृष्ठमा छापिएको पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही तमसूक-ताडपत्र* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतमा अधिमास* ।

महेशराज पन्त २०६१ क

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११६ पूर्णाङ्कका १-४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतमा अधिमास* ।

महेशराज पन्त २०६७

= *पूर्णिमा* १३३ पूर्णाङ्कका २७-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका ब्राह्मण– नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकशित *पूर्णिमा* १३४ अङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञापारमिता– खस-नेवारसम्पर्कको नतीजा* ।

महेशराज पन्त २०७०

= वि.सं. २०७० मा काठमाडौँबाट नेपालकानूनआयोगद्वारा प्रकाशित *कानून आयोग पत्रिका*का १-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखत* ।

महेशराज पन्त २०७२

= वि.सं. २०७२।२।२२।६ मा ललितपुरबाट उत्सर्गप्रकाशनद्वारा प्रकाशित *राजधानी* १५ वर्ष १ अङ्कका घ-ङ पृष्ठमा छापिएको, महेशराज पन्तको *भत्किएका रिक्थ फेरि दुरुस्त बनाउन सजिलो छैन* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६०३ (वि.सं. १५४०) आषाढशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३२/५

यसको पाठ माथि ११९-१२० पृष्ठमा छ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं. ६०६ (वि.सं. १५४२) चैत्रशुक्लत्रयोदशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २२७/१६

यसको पाठ माथि १२०-१२१ पृष्ठमा छ ।

१.
२.
३.


१.
२.
३.


१.
२.
३.


१.
२.


१.
२.


CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

नेसं. ६०७ (वि.सं. १५४४) आषाढकृष्णचतुर्थी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/२९

यसको पाठ माथि १२१–१२२ पृष्ठमा छ।

१.
२.



१.
२.



१.
२.



१.
२.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६०७ (वि.सं. १५४४) आश्विनशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/४६

यसको पाठ माथि १२२-१२३ पृष्ठमा छ।

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



१.
२.
३.



(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६१० (वि.सं. १५४६) पौषशुक्लचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३५/३३

यसको पाठ माथि १२३-१२४ पृष्ठमा छ ।









(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

ने.सं. ६१२ (वि.सं. १५४९) आश्विनशुक्लचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २०९३/४२

यसको पाठ माथि १२४-१२५ पृष्ठमा छ ।







(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू
४ खण्ड

– महेशराज पन्त

सहायक– रोशनी श्रेष्ठ

१. यस ठ्यासफूको विषयमा मैले अहिलेभन्दा ७ वर्षअगाडि एउटा लेख छपाएको थिएँ ।[१] यो ठ्यासफू कसरी फेला पऱ्यो, यसको उपयोग कसरी गरियो र म आफैँ कसरी यो ठ्यासफूतर्फ तानिएँ इत्यादि कुरा मैले त्यहाँ लेखेको थिएँ । त्यस लेखको मुख्य विषयवस्तु त त्यस ठ्यासफूविषयमा काम गर्न अझै बाँकी छ भन्ने देखाउन त्यसबाट थाहा हुने एउटा घटनाको व्याख्या थियो ।

त्यो लेख छापिएको १ वर्ष नपुग्दै यस ठ्यासफूको पाठ छपाएँ ।[२] पाठ छपाएको २ महीनामा यस ठ्यासफूको फ्याक्सिमिलि पनि छपाइयो ।[३] त्यसपछि यस ठ्यासफूको सामान्य बयान, यहाँको लेखाइ, लिपि र लेख्दा बिग्रिँदा सच्याउने काइदाको विषयमा केही कुरा तथा यसको भाषामा देखिएका रूपभेद इत्यादिको विषयमा पनि लेखियो । यहाँ आएका शब्दको वर्णक्रमानुसारको २ थरी सूची यसै बीचमा तयार गरियो । पहिलोमा ठ्यासफूमा शब्द जसरी आएको छ, त्यसरी नै राखियो र दोस्रोमा चाहिँ ती शब्दमा प्रत्यय पनि जोडिएको खण्डमा प्रकृति र प्रत्यय छुट्ट्याएर राखियो । त्यसपछि यस ठ्यासफूमा आएका कुरालाई थरीथरीको वर्गमा बाँड्ने काम गरियो । अहिले तिनै पहिले लेखिएका कुराको अंश फेरि रुजू गरी यहाँ छपाइँदैछ ।

२. यस ठ्यासफूको सामान्य बयान र यहाँको लेखाइबारे केही कुरा

२.१. १०४ पृष्ठ भएको[४] यस ठ्यासफूमा ५५ वटा पृष्ठमा ७[५], २४ वटा पृष्ठमा ६[६], २३ वटा पृष्ठमा ८[७] र २ वटा पृष्ठमा ५[८] पङ्क्ति छन्; लेख्ने कुरा सिद्धिएकोले पछिल्लो पृष्ठमा चाहिँ ३ पङ्क्ति मात्र छन् ।

---

१. महेशराज पन्त २०६६: ८२ ।
२. ऐजन २०६६क: १९३-२९५ ।
३. ऐजन २०६७: २९५-३४८ ।
४. यस ठ्यासफूमा १०५ पृष्ठ भए पनि सतचालीसौँ पृष्ठमा सामान्य लेखाइ नभई सारिणी र कुण्डली भएकोले पनि गन्दा त्यो पृष्ठ परेको छैन ।
५. ३, ५, ६, ७, ९-११, १३, १५, २०-२३, २५, २८-३०, ३२, ३३, ३५, ३६, ३८, ४०, ४२-४५, ५४, ५६, ५७, ६२, ६३, ६५-६७, ६९, ७०, ७१, ७२, ७४, ८१, ८३-८५, ८७, ८८, ९१-९७, १०२ र १०३ पृष्ठमा ।
६. १, २, ४, ८, १२, १४, १६-१९, २४, २६, ३४, ६१, ७३,[①] ७५, ७८, ८६, ९८-१०१, १०४ र १०५ पृष्ठमा ।
७. ३१, ३७, ३९, ४१, ४६, ४८-५३, ५५, ५८-६०, ६८, ७६, ७७, ७९, ८०, ८२, ८९ र ९० पृष्ठमा ।
८. २७ र ६४ पृष्ठमा ।

---

① यस पृष्ठको तेस्रो पङ्क्तिमा अलिकति मात्र लेखी त्यो पङ्क्ति त्यसै छाडी, त्यसपछि अर्को एउटा पङ्क्ति राम्रैसँग अटाउने ठाउँ पनि छोडी त्यो प्रसङ्ग नटुङ्ग्याईकनै चारौँ पङ्क्ति टुङ्ग्याइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दायाँबायाँ, तलमाथि चारैतिर ठाउँ छोडी लेख लेखिएको छ । तर दायाँ किनारामा कहिलेकहीँ अक्षर परसम्म लेख्दा किनारा च्यापिएको छ । लेखिरहेको कुनै घटनाको विषय पृष्ठको पुछारसम्म पुग्दा पनि नसिद्धिई एक वा बढी शब्द लेख्न बाँकी रहेको अवस्थामा त्यही पृष्ठको दायाँ किनारामा लेखी प्रसङ्ग टुङ्ग्याइने गरिएको छ ।[९] यस्तै अवस्था पङ्क्तिको अन्त्यमा आउँदा पनि त्यसै गरी लेखिने गरिएको छ ।[१०]

एउटा घटनाको टिपोट गरिसकेपछि पङ्क्तिमा ठाउँ खाली भए पनि त्यो पङ्क्ति त्यसै छोडी अर्को पङ्क्तिदेखि अर्को घटनाको टिपोट थालिएको छ ।

२.२. यस ठ्यासफूमा कालक्रमअनुसार घटना टिपिएको भए पनि कहीँ कहीँ अपवाद नभेटिने होइन ।[११] ने.सं. ७९९ नष्टज्येष्ठकृष्णषष्ठीको कुरा लेखिसकेपछि त्यही साल वैशाखकृष्णनवमीको कुरा लेखेको (९, ११ पृष्ठमा)लाई कालक्रममा व्यतिक्रम भएको मान्नु हुँदैन, किनभने अघिल्लो घटना ने.सं. ७९९ चैत्रकृष्णद्वितीयादेखिको प्रसङ्गको सातत्य हो । ने.सं. ८०१ भाद्रशुक्लत्रयोदशीको कुरा लेखिसकेपछि त्यही साल श्रावणशुक्लपञ्चमीउप्रान्त षष्ठीको कुरा लेखेको (३४ पृष्ठमा)लाई कालक्रममा व्यतिक्रम भएको मान्नु हुँदैन, किनभने अघिल्लो घटना ने.सं. ७९९ चैत्रकृष्णद्वितीयादेखिको प्रसङ्गको सातत्य हो ।

---

९. ९, १२, १९, २१, ३९, ५१, ८७, ८८ र ९० पृष्ठमा ।①

१०. २६, ३४, ३७, ४०, ४४, ४९, ५२, ५८, ५९, ६८, ७४, ७८, ८७ र ९० पृष्ठमा ।②

११. ने.सं. ७९९ फाल्गुनशुक्लप्रतिपदाको कुरा लेखिसकेपछि त्यही साल पौषशुक्लएकादशीउप्रान्त द्वादशीको कुरा लेखेको (८ पृष्ठमा) । ने.सं. ७९९ भाद्रशुक्लचतुर्थीउप्रान्त पञ्चमी शनिवारको कुरा लेखिसकेपछि त्यसको अघिल्लो दिनको कुरा लेखेको (१४-१५ पृष्ठमा) । ने.सं. ८०० चैत्रशुक्लप्रतिपदाको कुरा लेखिसकेपछि त्यही साल फाल्गुनकृष्णचतुर्दशीको कुरा लेखेको (२३-२४ पृष्ठमा) । ने.सं. ८०१ आषाढशुक्लचतुर्थीको कुरा लेखिसकेपछि त्यही साल ज्येष्ठकृष्णअष्टमीको कुरा लेखेको (३१ पृष्ठमा) । ने.सं. ८०२ कार्तिककृष्णसप्तमीको कुरा लेखिसकेपछि त्यही साल कार्तिकपूर्णिमाको कुरा लेखेको (३७-३८ पृष्ठमा) । ने.सं. ८०२ माघकृष्णत्रयोदशीउप्रान्त चतुर्दशीको कुरा लेखिसकेपछि त्यही साल माघकृष्णपञ्चमीउप्रान्त षष्ठीको कुरा लेखेको (४१ पृष्ठ) । ने.सं. ८०३ फाल्गुनशुक्लचतुर्थीउप्रान्त पञ्चमी मङ्गलवारको कुरा लेखिसकेपछि त्यसको अघिल्लो दिनको अर्थात् सोमवारको कुरा लेखेको (४९-५० पृष्ठमा) । ने.सं. ८०३ आश्विनशुक्लद्वादशी शनिवारको कुरा लेखिसकेपछि त्यसभन्दा हप्ता दिनअगाडिको कुरा लेखेको (५२ पृष्ठमा) । ने.सं. ८०५ ज्येष्ठशुक्लएकादशीउप्रान्त द्वादशीको कुरा लेखिसकेपछि ने.सं. ८०४ भाद्रकृष्णत्रयोदशीदेखि आश्विनशुक्लदशमीसम्मको कुरा लेखेको (५३-५५ पृष्ठमा) । ने.सं. ८०८ वैशाखशुक्लतृतीयाको कुरा लेखिसकेपछि त्यही साल चैत्रअमावास्याको कुरा लेखेको (६७-६८ पृष्ठमा) । ने.सं. ८१० फाल्गुनकृष्णएकादशीको कुरा लेखिसकेपछि त्यही साल फाल्गुनशुक्लएकादशीको कुरा

---

① १०५ पृष्ठको अन्त्यसम्म लेखेपछि पनि नसिद्धिएका कुरा १०४ पृष्ठको बायाँ किनाराको उठानदेखि उठाई १०५ पृष्ठको बायाँ किनाराको अन्त्यसम्म दुवै पृष्ठमा २ पङ्क्तिमा लेखी टुङ्ग्याइएको छ ।

② ३० पृष्ठको १ पङ्क्तिको अन्त्यसम्म लेखेपछि पनि नसिद्धिएको कुरा माथि खाली ठाउँमा दायाँदेखि उल्ट्ये लेखी टुङ्ग्याइएको छ । ८४ पृष्ठको २ पङ्क्तिको अन्त्यसम्म लेखेपछि पनि नसिद्धिएको कुरा १ र २ पङ्क्तिको हाराहारीको दायाँ किनारामा २ पङ्क्तिको हाराहारीदेखि उल्ट्ये लेखी १ पङ्क्तिको हाराहारीभन्दा माथिसम्म लेख्दा पनि नलेखी नटुङ्गिएकोले माथि खालि ठाउँमा दायाँदेखि लेखेर टुङ्ग्याइएको छ । त्यसपछि लेख्नुपर्ने अर्को घटना त्यही पृष्ठको बायाँ किनारामा तेर्सो पारी २ पङ्क्तिमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२.३. यहाँ बीबीचमा थरीथरीका घटना अर्कै, तर एकै हस्ताक्षरमा टिपिएकाले अन्तबाट यस टिपोटमा पछि कसैले घटना थपेको देखिन्छ। त्यस्ता घटना यक्ष मल्लको जन्ममृत्युको मिति अर्थात् ने.सं. ५२८ (वि.सं. १४६४/६५) र ने.सं. ६०२ (वि.सं. १५३८) देखि लिएर ने.सं. ८६० (वि.सं. १७९७) सम्मका छन्। एउटा घटना त देवनागरी लिपिमा, भाषा भने नेवारीमै वि.सं. २०१६ सम्मको छ।[१२]

२.४. यो टिपोट जुन हस्ताक्षरमा छ, त्यही हस्ताक्षरमा यहाँ ज्यौतिषसम्बन्धी वचन, सारिणी र कुण्डली पनि भएकाले र ठाउँठाउँमा ज्यौतिषसम्बन्धी विषयको चर्चा खुलाएर गरिएकोले यो टिपोट ज्योतिषीले नै गरेकोमा शङ्का छैन। ठिमिले जोशी चन्द्रमानको घरमा भेट्टिएकोले इवाट्ट हेर्दा यो ठ्यासफू उनका पुर्खाले टिपेको जस्तो देखिन्छ तापनि यस ठ्यासफूको लेखाइ र घटनाको टिपाइ हेर्दा यो टिपोट ठिमिलेको नभई काठमाडौँकाले टिपेको हुनुपर्छ, त्यसमाथि यस ठ्यासफूको अन्त्यमा (१०६ पृष्ठमा) मैथिल लिपिमा केही लेखिएको,[१३] त्यसपछि त्यहीँ देवनागरीमा एक जना मैथिल ब्राह्मणको र अर्को एउटा नाउँ लेखिएको[१४] र अनि नेवारी लिपिमा भक्तपुरका एक जना ब्राह्मणको नाउँ दिई यो पुस्तक उनको हो भनी लेखिएकोले[१५] यो ठ्यासफू केही घर चाहारी आखिरमा चन्द्रमान जोशी वा उनका पुर्खाकहाँ पुगेको हो कि।

२.५. टिपोटका कुनै कुनै नेवारी शब्दको मुनि धर्को तानी खाली ठाउँमा तिनको नेपालीमा अर्थ सीसाकलमले लेखेकोले कसैले यो ठ्यासफू बुझेर पढ्न खोजेको र यस्तो प्राचीन पुस्तकलाई मनपरी ढङ्गले उपयोग गरेको देखिन्छ।

लेखेको (७६ पृष्ठमा)। ने.सं. ८१९ माघकृष्णत्रयोदशीको कुरा लेखिसकेपछि त्यही साल माघशुक्लएकादशीको कुरा लेखेको (९५-९६ पृष्ठमा)। ने.सं. ८२१ कार्तिकशुक्लचतुर्दशीको कुरा लेखिसकेपछि ने.सं. ८२० आश्विनशुक्लदेखि माघशुक्लपञ्चमीसम्मको कुरा लेखेको, त्यसपछि ने.सं. ८२१ भाद्रशुक्लएकादशी द्वादशी र आश्विनशुक्लअष्टमीको कुरा लेखेको (९७-९८ पृष्ठमा)। ने.सं. ८२५ आश्विनशुक्लको अर्थात् दसैँको कुरा लेखिसकेपछि त्यही साल भाद्रकृष्णसप्तमीको कुरा लेखेको (१०४ पृष्ठमा)।①

१२. यी टिपोट ठ्यासफूको मूलपाठ दिइसकेपछि अन्त्यमा राखिएका छन् (महेशराज पन्त २०६६कः २२३-२२५)।

१३. **मानसं वओठोह्रकनेद्यहु श्रीतीनसण**

१४. **दुर्गारमण थाकुर**

शिवहर

१५. **इदं पुस्तक भक्तपुरमण्डल पीसर्म्मणः**

---

① ने.सं. ८१७ कार्तिकशुक्लएकादशीको कुरा लेखिसकेपछि ने.सं. ६६० चैत्रशुक्लको नवरात्रको कुरा, त्यसपछि कार्तिकशुक्लको दसैँको कुरा, अनि आश्विनपूर्णिमाको दिन अहोरात्रधर्म गरेको कुरा, अनि कार्तिकपूर्णिमादेखि मार्गपुणिमासम्म कार्तिकदीपदान गरेको कुरा, त्यसपछि मार्गशुक्लद्वादशीको दिन मनाइने उत्थानद्वादशीको कुरा, अनि कार्तिकपूर्णिमा र मार्गपूर्णिमाको कुरा लेखिएको छ। त्यो साल २ महीना टुट्दा आश्विन र चैत्रमा मलमास अधिमास मानेको कुरा अन्त्यमा लेखिएको छ (८७-८८ पृष्ठमा)। ने.सं. ७९८ देखि ने.सं. ८२६ सम्मका घटना टिपिएको यस ठ्यासफूमा ने.सं. ६०० का यी घटना अधिमास मलमास पर्दा कहिले दसैँ मनाउने भन्ने कुरामा लेखिएको देखिन्छ। ने.सं. ८०२ मा क्षयमास पर्दा मनाइएको दसैँको कुरा यस ठ्यासफूमा अघिबाटै अर्थात् ४० पृष्ठमा टिपिएको छ। त्यसै प्रसङ्गमा लेखिनुपर्ने कुरा यतिपछि किन टिपियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. लिपिको विषयमा केही कुरा

३.१. नेवारी लिपिमा **ब** र **व** सामान्यतया नछुट्टिने भए पनि कहीँ कहीँ **ब** र **व** छुट्ट्याउन थरीथरीका प्रकारको अवलम्बन गरेको नदेखिने होइन ।[१६] यस ठ्यासफूमा नेवारी शब्दको हकमा ती २ अक्षरमा फरक देखाउन अहिलेको चलनचल्तीको **व**ले ओष्ठ्य **ब**को र चोसे, खुँडे वा ठाउँठाउँमा खुँडे परेको **व**ले अन्तःस्थ **व**को काम गरेको छ,[१७] संस्कृत शब्द लेख्दा भने त्यत्ति छ्यानविचार राखिएको छैन र चलनचल्तीको **व**बाट नै काम चलाइएको छ । यस ठ्यासफूको अर्को वैशिष्ट्य यहाँ चन्द्रबिन्दुको पनि प्रयोग हुनु हो ।[१८]

३.२. छोटो विरामको लागि आजभोलि कमा हाले जस्तै नेवारी लिपिमा यस्तो चिह्न ॱ हाल्ने गरिन्थ्यो । कहीँ त्यही चिह्न ॱॱ डबल्याएर हाल्ने गरेको पनि नभेटिने होइन । यो ठ्यासफू पनि त्यसको अपवाद छैन ।[१९] कहीँ यस्तो चिह्न एउट्यले[२०] वा जोडीले दण्डले गर्ने काम पनि गरेको देखिएको छ[२१] । दण्ड र यस्ता चिह्न कहीँ कहीँ नहालेको पनि देखिनाको साथै धेरैजसो ठाउँमा युक्तिसङ्गत देखिए पनि कहीँ कहीँ बेठाउँमा पर्न गएको पनि भेटिन्छ ।[२२]

४. लेख्दा बिग्रँदा सच्याउने काइदाको विषयमा

४.१. लेख्दा बिग्रेको ठाउँमा थरीथरीका उपायले यस ठ्यासफूमा सच्याइएको छ । नचाहिने अक्षर मसीले पूरै केरी लगत्तै त्यही पङ्क्तिमा अर्को लेख्ने काम नै खास गरी भएको छ ।[२३] लेख्नेबित्तिकै आफ्नो गल्ती थाहा

---

१६. यस विषयमा महेशराज पन्त २०६४: §६ = २१६-२१७ हेर्नू ।

१७. **वव** लेख्दा अघिल्लो **व** अलि चोसे र पछिल्लो **व** खुँडे (५५), **वव** लेख्दा दुइटै **व** खुँडे (५६) ।

१८. **गँरमेश** (३४) । **यँ** (३३, ७६) । **यँया** (१, २४ मा २, ३९, ४०, ४१, ४९, ५६, ७६, ८७) । **यँयाओ** (४१) । **यँयाव** (४९) । **यँरया** (७, १५, २०, २४, २५, ३३, ४०, ४१, ४९, ५३) । **यँरसं** (५३) **यँल** (५८) । **यँलया** (५१, ६९) । **यँलसं** (१६) । **यँव** (८७) । **यँसं** (१६) । **यँस** (२१) । **सँझ्यार** (२३) ।

१९. उदाहरणको लागि **जयलक्ष्मी राणीया देवरस ॱॱ** (३९) ।

२०. उदाहरणको लागि **गोरखाया ॱ प्रिथिपति साहिओ ॱ मित्रसंबध याङ ॱ त्वाच चिनका ॱ** (६-७)।

२१. उदाहरणको लागि **ध्वते बियाव ॱ राजान ॱ श्री ३ तरेजु ॱ देगुलितलेस रातकर बिज्याक ॱॱ** (३) ।

२२. **गुरु श्रीमनोहर उपाध्या ॱ न ॱ** (३) **मदु । जुरो** (१४) **। प । चरिसं ॱ** (१४) । **यँरया ॱ राजां ॱ खप्वया राजां दयकाओ ॱ** (२५) । **श्री ३ पशुपति ॱ या** (३०) । **शि । रुथि खुस** (३२) । **वि । घटि २२** (४८) । **बृहस्पतिवार ॱ या** (९७) । **आदित्यवा ॱ र** (१०२) ।

२३. **पू**पछिको अक्षर केरी **र्णानन्दया** (३) । **वैशाख**को **ख**पछिको **शु** केरी **कृष्ण** (३) । **वङाव ॱ** पछिको **उत्त** केरी **जलधरि कोथेनकाव ॱ उत्तनखे** (९) । **जुको ॱ**पछि एउटा अक्षरमा मसी दली **अहोरात्र** (११) **मदु** । पछि लेख्न थालेको एउटा अक्षरमा मसी दली **जुरो** (१४) । **देशछिस्कें ह्ला**पछिको अक्षरमा मसी दली **याव** (१४) । **छह्ल जुको**पछिको **के**मा मसी दली **जिह्नतों** (२१) । **ध्व**पछिको **कु** र अर्को एउटा अक्षरमा मसी दली **गुलि बेलस ॱ** (३३) । **देवरस ॱॱ** लेखिएकोमा मसी दली **श्री** (३९) । **हि** रुपछिको अक्षरमा मसी दली **ओ** लेखेको (४४) । **अष्टमी ॱ** पछिका ३ अक्षरमा मसी दली **बुधवार** (४५) । **भाद्रपद**पछिको **शुक्ल**मा मसी दली **ॱ कृष्ण** (५४) । **दिन**पछि लेखिएका अक्षरमा मसी दलेको (७५) । **नवमीस भो**पछिको एउटा अक्षरमा मसी दली **ग बिया** (९४) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नभएको र त्यसपछि अरू कुरा लेखिएको खण्डमा नचाहिने अक्षरमा मसी लगाएर केरी खाली ठाउँमा लेख्ने गरिएको उदाहरण पनि पाइएको छ।[२४] लगत्तै सच्याउने ठाउँ नहुँदा बिग्रिएको अक्षरमा मसीको प्रयोगद्वारा सच्याइएको अक्षर माथि खाली पनि देखिएको छ।[२५] यसबाहेक सुद्ध्याउन अरू उपायको पनि अवलम्बन नभएको होइन। खुलाएर भन्दा, पूरा अक्षरमा होइन कि त्यसको शिरमा तेर्सो धर्को तानी फेरि त्यसमाथि केरेर,[२६] अघिबाट लेखेकै अक्षर नै सच्याएर,[२७] मेट्न खोजेर,[२८] पहिले लेखेकै अक्षरमाथि लेखेर,[२९] खुर्केर,[३०] अक्षर टुट्दा काकपद,[३१] जहाँ थप्नुपर्ने हो त्यहाँ यस्तो ˅ [३२] वा यस्तो ˙˅ [३३] चिह्न हालेर, २ पङ्क्तिको खाली ठाउँमा

२४. **एकादशी**पछिको **आदित्य**मा मसी लगाएर केरी ती अक्षरको ठीक माथि अघिल्लो पङ्क्तिको खाली ठाउँमा **शनैश्चर** थपी त्यो कुन पङ्क्तिमा थपिएको हो भनी जनाउन **१** लेखिएको (४६)।①

२५. **ह्वन**पछि लेखिएको अक्षरमा मसी लगाएर केरी त्यस अक्षरको शिरमा २ वटा थोपा मूल अक्षरमा मात्र हाली कान्नानीचाहिँ त्यसै छोडी माथि खाली ठाउँमा **घा** लेखेको (५४)।

२६. **उमाग्रमाल**को अघिल्लो **मा** माथि लेखेअनुसार खारेज गरेको (२६)।

२७. **आदित्य**पछिको अक्षर सच्याई **वा** (६)। **गरब**पछिको सानुस्वार अक्षर सच्याई **सं** (८)। **अमावाश्यान**मा **अ**पछिको अक्षरको बायाँपट्टिको भाग सच्याई **मा** बनाएको (१७)। **जयवागीश्वरी**पछिको अक्षर सच्याई **स्के** (२१)। **नष्टआषाढशुक्ल** ॽ पछिको पहिलो अक्षर सच्याएको, त्यसपछि **शमी**। त्यहाँ **शमी** नभएको भए सच्चिएको त्यस अक्षरलाई **द** पढ्न नसकिने (६२)। **देवल मि द**पछिको अक्षर सच्याई **न** बनाएको (१००)।

२८. **ᳲ सं ८०९** पछिको **श्रावणकृ** मेट्न खोजेको (७३)।

२९. **अयथाक्वाठ** लेख्दा पहिले लेखेको अक्षरमाथि **था** लेखेको (७५)। **बिज्यात चाह्रसं** लेख्दा पहिले लेखेका अक्षरका मात्राबाट काम चलाएको, तर त्यसको नचाहिने अंश नमेटी त्यसै छोडेको (९१)।

३०. **श्रीश्रीनृपेन्द्र मल्ली**को बाइमात्रालाई माथि लेखेअनुसार खारेज गरेको (१३)।

३१. **दुः बेनकामा दुः** र **बे**का खुट्टाको बीचमा काकपद दिएर तल खाली ठाउँमा **ख** थपेको (११)। **देव**को **व** र **जलधरिस**को **ज**को खुट्टाका बीचमा काकपद हाली ती २ अक्षरको ठीक बीचको तल खाली ठाउँमा **या** थपी सबभन्दा पछिल्लो पङ्क्तिमा त्यो थपिने हुनाले तलबाट गन्दा यो पङ्क्ति १ हुने हुनाले **१** लेखेको (४४)। **जाङ**को **ङ** र **थव**को **थ**को बीचमा काकपद हाली ती २ अक्षरको बीचमा माथि त्यो पङ्क्ति र त्यसभन्दा अघिल्लो पङ्क्तिको बीचको खाली ठाउँमा **व** थपेको (७९)। **बिज्यातकर**को **र** र **खंड**को **खं**को डिकोको बीचमा यस्तो ˙˅ चिह्न र ती २ अक्षरको खुट्टाको बीचमा काकपद हालेर तल खाली ठाउँमा **वा गाक मत छोयकं मजिव** ॽ लेखेको (९८)।

३२. **पशुपतिस्के** ॽ **गजु**॰मा **स्के** र **ग**का डिकाको बीचमा यस्तो ˅ चिह्न हालेर माथि खाली ठाउँमा **सनिनलि** लेखी ३ पङ्क्तिमा त्यो थपिने हुनाले त्यसपछि **३** लेखेको (२७)। **याक** ॽ ।। मा **क**को डिको र ॽ ।। को बीचमा यस्तो ˅ चिह्न हालेर ३ पङ्क्तिमा थपिने हुनाले माथि खाली ठाउँमा **३** लेखी **पशुपतिया त्रयोदशीसं याङा वावास मक** लेखेको, अझ लेख्नुपर्ने कुरा नअटाएकोले अघिल्लो पृष्ठको तल खाली ठाउँमा दायाँपट्टि छेउमा **ङ धक** लेखेको (४१)।② **मृगशिरनक्षत्र** ॽ र **अंगारवार**को **त्र** र **अं**को डिकाको बीचमा यस्तो ˅ चिह्न हाली माथि खाली ठाउँमा **वैधृजोग** (१००)।

३३. **कुह्नतों यात**मा **तों** र **या**का डिकाको बीचमा यस्तो ˙˅ चिह्न हाली माथि खाली ठाउँमा **इन्द्रजात्रा** थपेको (५४)। **हिङाओ**को **ओ** र **को स्वयाओ**को **को**को डिकाको बीचमा यस्तो ˙˅ चिह्न हालेर त्यसभन्दा २ पङ्क्तिअगाडिको खाली ठाउँमा **बिन** थपेको (७५)। **रणस राङा थे सङ** ॽ **थानाव**को **ङ** र **था**का डिकोको बीचमा यस्तो ˙˅ चिह्न हाली

① २ पङ्क्तिमा थपिएकोले वास्तवमा २ लेखिनुपर्ने।

② यही ४१ पृष्ठको दायाँपट्टिको किनारामा ४ र ५ पङ्क्तिको बीचदेखि उठाई ३ र २ पङ्क्तिको बीचसम्म लेखिएका ३ अक्षर फोटोमा त्यति स्पष्ट नआएकाले पढ्न सकिएन। ती अक्षर कहाँ थपिएका हुन्, त्यो पनि भन्न सकिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चिह्नै नहालेर,[३४] नचाहिने बाइमात्राको शिरमा र खुट्टामा यस्तो ⌈⌊ चिह्न हालेर,[३५] लेख्दा उल्ट्येपुल्ट्ये भएका पदको शिरमा नम्बर हालेर[३६] र कान्नानी वा लखकानो टुट्दा अक्षरको दायाँपट्टि यस्तो ᨓ चिह्न हालेर[३७] र लामो धर्कोले नचाहिने अक्षर केरेर[३८] पनि सच्याइएको छ ।

५. केही थप कुरा

५.१. यो टिपोट टिप्ने मान्छे पाटनसँग कम परिचित रहेछन् भन्ने कुरा उनले पाटनका राजा श्रीनिवास मल्लको र उनका छोरा तथा उत्तराधिकारीको नाउँ ठाउँठाउँमा बिगारेर लेखेकाले देखिन गएको छ। खुलाएर भन्दा बाबुको नाउँ कतै **श्रीश्रीनिवास मल्ल** (२०), **श्री २ निवाश मल्ल** (४५)/**श्री २ निवास मल्ल** (५२, ५६), कतै **निवाश मल्ल** (६०), **श्रीश्रीनिवाश मल्ल** (६१) लेखिएको छ । यिनको नाउँमा आद्याक्षर **श्रीनिवास** भएकोले यो **श्री** यिनको नाउँकै अङ्ग भएकोले यिनको नाउँको अगाडि राजोचित २ वटा **श्री** जोड्दा यिनको नाउँ **श्रीश्रीश्रीनिवास मल्ल** हुनुपर्थ्यो र तात्कालिक अरू लेखहरूमा पनि यिनको नाउँ यसै गरी लेखिएको छ । तर यो टिपोट टिप्नेले यिनको खास नाउँ **निवास** ठानेकाले राजोचित आदर गरी यिनको नाउँ लेख्दा **श्री २ निवास मल्ल** वा **श्रीश्रीनिवास मल्ल** र अन्यथा **निवास मल्ल** यहाँ लेखिएको छ । यसै गरी यिनका छोराको नाउँमा पनि यो टिपोट टिप्नेलाई भ्रम भएको देखिन्छ । यसैले कहीं **योगनरेस मल्ल** (५६), कहीं **योग मल्ल** (७०) र कहीं शुद्ध नाउँ **योगनरेन्द्र मल्ल** (६९ मा २ पटक, १०५) यहाँ लेखिएको छ ।

माथि खाली ठाउँमा **परमस थङ ৲ खप्वया करात मि बिस्य वङ** लेखी थपिएको कुरा कुन पङ्क्तिमा थप्ने हो जनाउन त्यसपछि ४ लेखेको (७९) । **प्रतिपदा ৲ रोहिणीनक्षत्र**को **दा** र **रो**का डिकोको बीचमा यस्तो ˇ चिह्न हाली बायाँपट्टिको किनारामा भिन्नै हस्ताक्षरमा **प्र द्विति** माथि र त्यसको मुनि **या कुह्न** थपेको (८९) । **बिज्यातकर**को **र** र **खंड**को **खं**को डिकाको बीचमा यस्तो ˇ चिह्न हाली ती २ अक्षरको बीचमा तल काकपद हाली तल खाली ठाउँमा **वा गाक मत छोयकं मजिव ৲** थपेको (९८) । **अरपोदोतो** ।। पछि यस्तो ˇ चिह्न दिई माथि खाली ठाउँमा तल मूलपाठमा दिएअनुसार थपेको, थपेको जति कुन पङ्क्तिमा थप्ने हो भनी जनाउन सबभन्दा अगाडि **३** लेखेको (१०१) ।

३४. **जायते बृहस्पति**मा **ते** र **बृ**का खुट्टाका बीचमा जुन पङ्क्तिमा यो लेखिएको छ, त्यो पङ्क्ति र त्यसभन्दा तल्लो पङ्क्तिको बीचमा भएको खाली ठाउँमा **च** थपिएको (१०) । **गजुया**मा **जु** र **या**का डिकाका बीचमा यस्तो ˜ चिह्न हाली त्यो पङ्क्ति र त्यसभन्दा अघिल्लो पङ्क्तिको बीचको खाली ठाउँमा **रि** थपेको (२७) । **तवलि**मा **व** र **लि**का खुट्टाको बीचमा जुन पङ्क्तिमा यो लेखिएको छ, त्यो पङ्क्ति र त्यसभन्दा तल्लो पङ्क्तिको बीचमा भएको खाली ठाउँमा **थ** थपिएको (९१) ।

३५. **कंपिते** लेखेकोमा माथि लेखेअनुसार **कंपते** बनाएको (१०) ।

३६. **श्री ३ त्रैलोक्यमोहोनदेवनारायण** लेखेकोमा **देव**को **व**को शिरमा **२** र **नारायण**को **ण**को शिरको दायाँपट्टि छेउमा **१** लेखेको (२९) ।

३७. **काय** लेखेकोमा माथि लेखेअनुसारको चिह्न हाली **य**लाई **या** बनाएको (१७) । **देयभुङ** लेखेकोमा **दे**को दायाँपट्टि चिह्न हालेर **दो** बनाएको (३३) । **धर्म्मशिर** लेखेकोमा माथि लेखेअनुसारको चिह्न **र**मा हाली **रा** बनाएको (५०) ।

३८. **आश्विनशुक्ल ৲** पछि **चतुर्द्दशी ৲ अंगारवारया रात्रीस श्रीश्रीभूपालेन्द्र मल्ल जुजु ৲ गंगासनान बिज्यात** ।। लेखेकोमा ।। बाहेक अरू सबै काटी **त्रयोदशीदेखि** लेखेको (९६) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५.२. ने.सं. ८०० (वि.सं. १७३६) फाल्गुनकृष्णपञ्चमी बुधवार राति स्वयम्भूको छत्रमा एउटा बहुला चढेर उसले गजूरको चूडामणि सुद्धा लिएर आएकोले ९ दिनपछि राति शान्ति गरियो। त्यही दिन तलेजुमा पूजा गर्दा त्रिशूलचोकमा बाख्री काटियो भनी यस ठ्यासफू(२३ पृष्ठ)मा लेखिएको छ। स्वयम्भूमा गरिएको शान्तिको विषयमा त होइन, पोथीको बलि सामान्यतया नचढ्ने हुनाले[३९] दोस्रो घटनाको विषयमा यहाँनिर केही चर्चा गर्नुपरेको छ।

यिनै घटना तात्कालिक अर्को टिपोटमा पनि परेका छन्। ने.सं. ८०० (वि.सं. १७३६) चैत्रकृष्णमा एउटा बहुलाले स्वयम्भूको छत्र तल ल्यायो। प्रताप मल्ल परलोक हुनुभन्दा २ वर्षअगाडि काठमाडौँको तलेजुको चौक्वाथ धमिराले खाएको थियो। यो साल तलेजुमा बोका ठानेर बाख्री काटियो। यसरी उत्पात हुँदा अनेक आवाज आयो भनी त्यहाँ लेखिएको छ। त्यहाँका एकाध शब्दको राम्रो अर्थ नलागे पनि बाख्री काटिएकोले नै नृपेन्द्र मल्लको मृत्यु भयो भन्ने भाव त्यस टिपोटबाट आउँछ।[४०]

एउटा बहुलाले फाल्गुनकृष्णपञ्चमीमा स्वयम्भूको छत्रमा चढेर गजूरको चूडामणि लिएर आएको ९ दिनपछि शान्ति गरियो, त्यही दिन तलेजुमा बाख्री काटियो भनी हाम्रो ठ्यासफूमा लेखिएकोमा माथि चर्चा गरिएको टिपोटमा भने तिथि नदिई चैत्रकृष्णमा एउटा बहुलाले स्वयम्भूको छत्र तल ल्यायो, यो साल तलेजुमा बोका ठानेर बाख्री काटियो भनी लेखिएको छ। यताबाट हाम्रो ठ्यासफूमा भन्दा १ महीना जतिपछिको मिति त्यस टिपोटमा दिइएको छ। फाल्गुनकृष्णपञ्चमीमा छत्रमा चढेर गजूरको चूडामणि लिएर आएको ९ दिनपछि शान्ति गरियो, त्यही दिन तलेजुमा बाख्री काटियो भनी हाम्रो ठ्यासफूमा लेखिएकोले तिथिको घटबढको विचार नगरी सोझै गन्ने हो भने फाल्गुनकृष्णचतुर्दशीपछि बाख्री काटिएको देखिन्छ। त्यस पक्षमा तिथि बढेको खण्डमा बाख्री काटिँदा चैत्रशुक्ल शुरू भएको पनि हुन सक्छ। १ महीना जतिको फरक परे पनि २ थरी टिपोटमा बयान गरिएका घटना उही हुन् भन्ने कुरा स्पष्ट भएको छ। बोका नकाटी बाख्री काटेकोले नै हाम्रो ठ्यासफूमा यो घटना टिपिएको देखिन्छ। हाम्रो ठ्यासफूमा राम्ररी कुरा नखुलाई लेखिएको घटनाको व्याख्या अर्को टिपोटबाट हुन गएको छ। नृपेन्द्र मल्लको मृत्यु ने.सं. ८०० (वि.सं. १७३७) ज्येष्ठकृष्णएकादशीउप्रान्त

---

३९. ग्रहयागमा राहुलाई बाखीको मासु चढाउने शास्त्रीय वचनको सम्झना यस प्रसङ्गमा हुन्छ–

शनैश्चराय कृसरमजामांसञ्च राहवे।
चित्रौदनञ्च केतुभ्यः सर्व्वभक्ष्यैरथार्च्चयेत्॥

(ग्रहहरूलाई चढाउने कुराको विषयमा लेख्दा नित्यानन्द पन्त पर्वतीयः १ भाग, ७५ मा *मत्स्यपुराण* ९३ अध्यायबाट उद्धृत वचन)
(शनैश्चरलाई खिचडी, राहुलाई बाखीको मासु, केतुलाई जाउलो, सबै प्रकारका खानेकुराले पूजा गर्नू।)
ताप्लेजुङ्की पाथीभरादेवीलाई पोथी चढ्ने कुराको पनि सम्झना पनि यस प्रसङ्गमा हुन्छ (उदाहरणको लागि गीता घिमिरे २०५७: ग)।

४०. शङ्करमान राजवंशी २०२०: १० = डिल्लीरमण रेग्मी २०२३क, २ खण्डः ७१।
डिल्लीरमण रेग्मी २०२३: ११७ पनि हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वादशीको दिन भएको घटना[४१]लाई तलेजुमा बोकाको बलि दिनुपर्नेमा २ महीना जतिअगाडि भुक्किएर बाख्रीको बलि दिइएकोसँग त्यस टिपोटमा जोडिएको छ ।

६. यस ठ्यासफूमा परेका विषयवस्तुको वर्गीकरण

६. यस ठ्यासफूमा आएका विषयवस्तु[४२]लाई २७ वर्गमा छुट्ट्याई हरेक वर्गलाई वर्णक्रमअनुसार सूची बनाई तल दिइएको छ । त्यसरी छुट्ट्याउँदा पनि केहीलाई अलग अलग राख्न नमिलेकोले तिनलाई **प्रकीर्णक** भनी एकै ठाउँमा सबभन्दा पछि राखिएको छ । **खानेकुरा** भन्ने भिन्नै वर्ग राख्दा राख्दै पनि **घिउ, दूध** र **पानी** बुझाउने शब्द त्यस वर्गमा नराखी **प्रकीर्णक**मा राखेको देख्दा कसैलाई अचम्म लाग्ला । तर यस ठ्यासफूमा यी शब्दको प्रयोग खानेकुराको सन्दर्भमा नआई अरू नै प्रसङ्गमा आएकोले यसो गर्नु परेको हो । एउटै शब्दका रूपभेद भएको खण्डमा वर्णक्रमअनुसार अगाडि पर्ने शब्दरूपलाई सबभन्दा अगाडि राखी त्यही शब्दका रूपभेद त्यहीँ वर्णक्रमअनुसार राखिएको छ । यसो गर्दा आदरार्थी **श्री** र सामान्यतया नाउँको पछाडि आउने **उपाध्या** शब्द अगाडि आएकोको वास्ता राखिएको छैन । यहाँ परेको शब्दको अर्थ खुलाउने काम पनि यथासम्भव गरिएको छ । जुन शब्द अहिले पनि त्यही रूपमा चलेको छ भने अर्थ खुलाउने खानामा केही लेखिएको छैन । शब्दको अर्थ नलागेको अवस्थामा अर्थ खुलाउने खानामा यस्तो ▸ चिह्न हालिएको छ । शब्दसूचीमा दिइएको पृष्ठसङ्ख्याले मूल ठ्यासफूको पृष्ठसङ्ख्या बुझाउँछ ।

---

४१. यही ठ्यासफूको २५ पृष्ठ ।

४२. यस ठ्यासफूमा पछि थपिएका कुरा भने यस वर्गीकरणमा समेटिएका छैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.१. अङ्ग

ठ्यासफूमा	खुलासा	पृष्ठ
कपार	**कपाल = निधार**	२, ४५, ६४, ७७
मिरखा	**आँखा**	१
राहात }	**हात**	७९
लाहात }		२ मा २
शिर		६७, ८४
ह्मुतु	**मुख**	८०

६.२. खानेकुरा

ठ्यासफूमा	खुलासा	पृष्ठ
आरक }	**भात**	६३
जा }		७८, ८९, ९०

६.३. गरगहना

ठ्यासफूमा	खुलासा	पृष्ठ
कुण्डल		२
लुचुल्या }	**सुनको बाला**	७९ मा २, ८१
चुल्या }		७९

६.४. चाडबाड, पर्व र जात्रामात्रा

ठ्यासफूमा	खुलासा	पृष्ठ
अक्षयतृतीया		६७
अधिमास }		८८ मा २
नष्टमास }		४०
मरमास }		४०
मलमास }		४०, ८८
इन्द्रजात्रा		५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एनकिरिं	इन्द्रकील = इन्द्रध्वज	९८
एन्दकिरि		४६
एन्द्रकिरिलृ		४६
उत्थानदुलिसि	उत्थानद्वादशी = मार्गशुक्लद्वादशीको दिन गरिने उत्सव	८८
कतिंयात	▶	३८
कतिनियात		९१, ९३
कर्क्कटसंक्रान्ति	साउने सङ्क्रान्ति	७८
खंड स्वंनका	दसैँको खड्गस्थापन	४८
खंड स्वन		९८
खड्गस्थापन		९४
खड्गस्थापना		२८
खण्डं स्वंङ		६
खण्ड स्वंङ		४८
खण्ड स्वंङ		१५, ३६, ५५, ६०
खण्ड स्वंने		८८
खण्ड स्वङ		५१
ग्रहन	ग्रहण	३
चारण	दसैँको नवमी-दशमीमा गरिने खड्गयात्रा	६ मा २, १६, २८, ३७, ४९ मा २, ६०, ८८ मा २, ९४
चारन		५१, ५५, १०४
पायात		२८, ५५
चंद्रग्रास	चन्द्रग्रहण	२
ज्यापरयात	रातो मछिन्द्रको जावलाखेलजात्रा	७७
त्रिप्रसा ... महापर्व्व	त्रिस्पृशा महापर्व	७१
थिसरा नखतं	▶	३९
थिसरापुह्निसि	मार्गपूर्णिमा	८८
थिसरापुह्निसिं		८८
नरकचतुर्द्दशी	नरके = तिहारको चतुर्दशी	३८
नवरात्र स्वंङ	चैते दसैँको घटस्थापना	८८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नवरात्र स्वंङा	**ठूलो दसैंको घटस्थापना**	६, १५, २८, ३५, ४८, ५१, ५५, ६०, ८८ मा २, ९४ मा २,
नवरात्र स्वङ		१०५[४३]
नवरात्र स्वङा		५५, १०४
नवरात्र स्वनें		९८
पंचदिमण्डलयात्रा	**पचलीभैरवको जात्रा**	३६
पंचरिभैरवजात्रा		५२
पंचरिमण्डलयात		३६, १०१[४४]
पंजादान	**पञ्चदान**	१४ मा २
पिशाचचतुर्द्दशी	**पिशाचचतुर्दशी**	२४
बारचतुर्द्दशी	**बालाचतुर्दशी**	१७
बालंचतुर्द्दशी		४०
बालाचाकं		१८
भोजपूजा	**कूछिभ्वय्** (महाष्टमीमा हुने) (?)	२८
भोरोभोरोयात	▶	४४ मा २
मकरसंक्रान्ति	**माघे सङ्क्रान्ति**	१
हामरसंक्रान्ति		५६
महनि	**दसैं**	३५, ४० मा ३, १०४, १०५ मा २
मुरदभुरयाता	▶	८०
यमदुतिया	**यमद्वितीया = भाइटीका**	१७
लक्ष्मीपूजा	**तिहारमा गरिने लक्ष्मीपूजा**	१७
शिवरात्र	**शिवरात्रि**	४१ मा २
श्रीपञ्चमी		१, ९५
सके पुह्निसिं	**कार्तिकपूर्णिमा**	३९
सकेमङा पुह्निसिं		८८
समेक	**सम्यक्**	६८
सर्व्वग्रास	**खग्रास**	२
सिंधूलिजात्रा	**सिन्दूरजात्रा**	७३

४३. वास्तवमा यहाँ नञर्थमा **मस्वङ** छ ।

४४. यस पाठको लागि महेशराज पन्त २०६६कः २२१ मा ६८ टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुखरात्री	**तिहारमा गरिने सुखरात्रि**	१६
सूर्यग्रास	**सूर्यग्रहण**	६८, ८२
सोतिंगरयात	▶	३७

६.५. जातजाति आदि

ठ्यासफूमा	खुलासा	पृष्ठ
आचार	**आचार्य = देवभाजूपछिका कर्मकाण्डी**	५१, ६८, ९५
आचार्य्य		११, २९
उपाध्या	**देवभाजू ब्राह्मण**	३ मा २, ४, ८, २५ मा २, २६, २९, ३४,[४५] ५०, ५४, ५७ मा २, ६६, ६८, ७१, ८२, १०५
उपाध्या	**पर्वते ब्राह्मण**	९२
कंशार	**कंसकार**	४५
कर्म्माचार्य्य	**कर्माचार्य**[४६]	२९
कायष्ट	**कायस्थ**	३४
खपोजन	**भक्तपुरे**	८६
खप्वज		७३, ८७ मा २, १०५
खप्वजन		१७, ८३, ९६
खस		७९
खस्तों		६४
खस्तो		७९
खस्तो बराह्मु	**खस बाहुन वा खस र बाहुन**	६०
खस्तो मिसा	**खसिनी**	५८
गोकर्ण्णमी	**गोकर्णको मान्छे**	७७
जोशि	**जोशी**	४, २६, २९, ४८, ५१, ६२, ६८
जोसि		६२
ञलज	**ललितपुरे**	७३
ञलजन		६७, ७६, ८३
तिरुथिया	**तेह्रौंते**	४१

४५. यस पाठको लागि ऐजनः २०२ मा २३ टिप्पणी हेर्नू ।

४६. अहिले **कर्माचार्य** रूप चले पनि शुद्ध रूप **क्रमाचार्य** हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पर्व्वतिया	पर्वते	४१
ब्रह्मुण		६६
ब्रह्मुन		९५
ब्राह्मण		५६, ६८
ब्राह्मन		९५
ब्राह्मणचा	ब्राह्मण वटुक	४३
भट्ट	दक्खिना भट्ट	३१, ५८
मिश्र	मैथिल ब्राह्मणको एक भेद	७३
रामा	लामा	३

६.६. टक

ठ्यासफूमा	खुलासा	पृष्ठ
दंम	पैसा = मोहरको बत्तीसौँ भाग	१९ मा २
मोहोर	मोहर	५७, ६८ मा २, ८४

६.७. दर्जा

ठ्यासफूमा	खुलासा	पृष्ठ
उपाध्या	राजगुरु	२५ मा २, ५४, ६६, ७१, १०५
काय थाकुर	राजाका छोरा	२७
थाकुर		८९
राजाचा		४५
कुह्मर	कुमार	९१
कोथामुचा	खोपीमा काम गर्ने नोकर	५७
क्वथामुचा		५८
खस्तो उमराव	खस उमराव = निजामती वा जङ्गी काम गर्ने खस भारादारहरू	५२
गुरु	राजगुरु	३
चौतारा	प्रधानमन्त्री	४, १७, २४, ३९, ६५, ६८, ६९, ७०, ७९ मा २, ८३, ८६ मा २

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छेभण्डिलि	**छेँभण्डिल = सरकारी घर आदि बनाउने अड्डाको हाकिम**	८१, ८७, ९६
जजोमानिं	**जजमान**	९५
जुजु	**राजा**	३४, ५६, ५७, ६०, ६२, ६३, ७२, ७६, ७८, ८१, ८२ मा ३, ८४, ८५, ८६, ८९, ९०, ९१ मा ५, ९७, १०२, १०४ मा ३, १०५ मा २
महाराजा		६, १३ मा २, २१, २५, २६, २७, ५०
माहाराजा		७०, ७२
राज		१२
राजां		२५ मा २, ३१, ६८
राजा		१ मा २, ३, ११, १८, २०, २२, २४ मा २, २५ मा २, ४८, ४९, ५३, ५६ मा २, ५९, ६२, ६३ मा २, ६५ मा २, ६९ मा २, ७०,[४७] ७६, ७८, ८३
जुजुमाजु	**राजमाता**	६८, ७३
माजु		८६, ९१ मा ३, १०५
थकुजु	**राजाको खलकका लोग्नेमान्छे**	८५
दैवज्ञ	**ज्योतिषी**	६८,[४८] ७२, ७८
पशुपतिया पुजावारि ... रावर	**पशुपतिका पुजारी रावल**	१०२
पशुपतिस्के भंडिरि	**पशुपतिका भँडेल**	४४
पूजावारि	**पुजारी वासुकिका**	५२
प्रमानं	**मन्त्री वा प्रदेशको हाकिम**	३४
प्रमान		७, १२, १७, ४५, ५३, ६६, ६८, ७२, ७४, ७६, ८७
बेसेत	**बिसेत = मन्दिरको प्रबन्ध गर्ने मान्छे**	१९, ४५ मा २
भंसारि	**भन्सारको हाकिम**	३३

---

४७. यस पाठको लागि महेशराज पन्त २०६६क: २१४ मा ५२ टिप्पणी हेर्नू ।

४८. यस पाठको लागि ऐजन: २१३ मा ५१ टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्त्री		३१
मयजु	**राजाकी अविवाहिता पत्नी** [४९]	५७
महन्त	**महन्त** (सन्यासी पुजारी)	६६
माहा	**सिपाही**	९२
राओर	**रावल** (शैव मन्दिरको पुजारी, यहाँ पशुपतिको पुजारी)	१९, ४५
रावरं		६६
रावर		६६, १०२
राजदैवज्ञ	**राजज्योतिषी**	३
राजिक	**राजाहरू**	१
राणी	**रानी**	२०, ३९
रानि		७६, ९७
रानी		४१, ५०
सेष्ट	**वर्तमान श्रेष्ठको पूर्वरूप** (?)	६८
हयि	**पशुपतिका पुजारी** [५०]	४५
होता	**होम हाल्ने**	४

४९. यहाँको सन्दर्भअनुसार **मयजु**को अर्थ **राजाकी अविवाहिता पत्नी** भनी गरेको ठीक छ। यसको पुष्टि पार्थिवेन्द्र मल्लको ने.सं. ८०२ (वि.सं. १७३८) माघकृष्णषष्ठीको शिलास्तम्भाभिलेखमा उनकी एक जना पत्नी राज्यलक्ष्मीलाई संस्कृतमा **भोगिनी** (मूलका ४७-४८ पङ्क्ति = गौतमवज्र वज्राचार्य २०३३: २३७) र नेवारीमा **प्रिया** (मूलको ५९ पङ्क्ति = गौतमवज्र वज्राचार्य २०३३: २३८) लेखिएकोले राज्यलक्ष्मी अविवाहिता पत्नी रहिछन् भन्ने अर्थ आउँछ। ने.सं. ८०७ (वि.सं. १७४४) आषाढशुक्लतृतीयाको दिन पार्थिवेन्द्र मल्लको विषप्रयोगद्वारा मृत्यु हुँदा सती जानेमा नक मयजु पनि भएको कुरा एउटा ठ्यासफूमा लेखिएकोले (मूलको ६३ पृष्ठ = महेशराज पन्त २०६६क: २१२) नाउँमा **मयजु** जोडिएकी उनी पार्थिवेन्द्र मल्लकी अविवाहिता पत्नी रहिछन् भन्ने देखिन्छ। तर यहाँ एक प्रकारले भन्ने हो भने अव्याप्तिदोष परेको छ। किनभने राजाको मात्र होइन, अरूका अविवाहिता पत्नीलाई पनि **मयजु** शब्दले बुझाएको देखिएको छ (रोशनी श्रेष्ठ छापिन बाँकी: § ७.२)। त्यति मात्र होइन, स्त्रीलाई मान गरी भन्दा नाउँ वा दर्जाको पछाडि **मयजु** लेख्ने गरेको यही ठ्यासफूमा पनि देखिएको छ– **पदुं मयजु** (मूलको १२ पृष्ठ = महेशराज पन्त २०६६क: १५७), **उमा मयजु** (मूलको ३१ पृष्ठ = महेशराज पन्त २०६६क: २०१)।

यसै गरी, यही ठ्यासफूमा राजाकी (मूलको ४१ पृष्ठ = महेशराज पन्त २०६६क: २०४) र व्यक्तिविशेषकी अविवाहिता पत्नी (मूलको ६६ पृष्ठ = महेशराज पन्त २०६६क: २१२)लाई **रवतिनि** शब्दले बुझाइएको छ।

५०. ऐजन २०६३: १०-१२ मा २३९ टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.८. देवता र देवस्थल आदि

ठ्यासफूमा	खुलासा	पृष्ठ
अघोर	**अघोर** (पशुपतिको दक्षिणपट्टिको मुख)	२
पशुपतिस्के अघोर		५८
आगमजु	**आगम साँखु ब्रह्मपुरीको**	४३
आगमजु	**आगम दैवज्ञ जगन्नाथको**	७८
इन्द्रमूर्त्ति		५८
उत्त्रद्वार	**पशुपतिको उत्तरढोका**	४२
उत्रद्वार		९
पशुपतिस्के उत्त्रद्वार		४२
कहग	**कङ्केश्वरी**	१४
कुबेरमूर्त्ति		५८
क्वाठबाहार	**क्वाबहाल काठमाडौँको**	१०१
खासे चित	**बौद्ध**	३
खुसिस चोङ माहादेव	**खोलामा बसेका महादेव** (पशुपतिमा वाग्वतीमा रहेका महादेव)	५४
गंडेभैरव	**नुवाकोटभैरव**	३३
गरुड		७१
गरुडनानजु	**चाँगुनारायण**	१००
गरुडनाराण		११
गरुडनारायण		१, ३३, ८४
चंगु		६०, ८४, १०२, १०४
चंगुनानजु		८०
गारबाहार	**गाबहाल**	८०
गुबाहार वज्रयोगिनी	**वज्रयोगिनी साँखुको**	२९
वज्रयोगिनी		३०
